# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २४ गते २०२० साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

मिति २०१९।७।२७। र २०२०।५।२४ को नेपाल गजेट भाग ४ मा प्रकाशित यस मन्त्रालयको विदेशमा जांदाको दैनिक तथा भ्रमण भत्ता दिने सम्बन्धी निर्णय नं. ६ को सट्टा देहायको निर्णय नं. ६ लाई नेपाल गजेटमा प्रकाशित भएका मितिदेखि लागू हुने गरी श्री ५ को सरकारले निर्णय गरेको छः–

६. भारत पाकिस्तानमा कन्फरेन्समा भाग लिन जानुपरेमा मात्र र ती बाहेक अन्य मुलुकमा निमन्त्रणा, सेमिनार, कन्फरेन्स, अन्तर्राष्ट्रिय सम्मेलन तालीम अध्ययनमा जाने सरकारी गजेटेड कर्मचारीलाई जतिसुकै अवधिको लागि भए पनि रू. १६००।– ( सोह्रसय ) र नन् ग्याजेटेड कर्मचारीलाई रू. १०००।– ( एक हजार) मात्र लुगा भत्ता दिइने छ ।

तरः–

(क) साधारणत : जहाँ जानुपर्ने हो सो ठाउँमा जाने प्रोग्राम आदि सबै कुरा ठीक तथा निश्चय नभै कसैलाई पनि लुगा भत्ता दिइनेछैन ।



२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम जाने प्रोग्राम ठीक तथा निश्चय भई लुगा भत्ता लिइसके-पछि पनि श्री ५ को सरकारको निर्णयले जान नपाउने भएमा सो लुगा भत्ता बापत पाएको रुपैयां बिना सूद वर्ष दिनको किस्तावन्दीमा फिर्ता गर्नुपर्नेछ ।

तर लुगा भत्ता पाउने व्यक्ति स्वयं जान नचाहेको वा राजीनामा दिएको वा सरकारी नोकरीबाट हटेको भए सयकडा १० सूदसमेत लगाई जान इन्कार गरेको वा राजीनामा स्वीकृति भएको वा नोकरीबाट बर्खास्त भएको ३५ दिन-भित्र एक मुष्ट फिर्ता गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको अवस्था परी नजानुपर्ने भए लिएका लुगा भत्ता बहा-लवालासंग भए तलब खुवाउने अधिकारीले निजको तलवबाट कट्टा गरी असूल गर्नुपर्छ र बहाल टुटेको भए ३५ दिन नाघेपछि लुगा भत्ता बापत पाएको रुपैयां निजसंग सरकारी रकम असूल तहसील गर्ने कानून बमोजिम असूल उपर गरिनेछ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

# अर्थ मन्त्रायको

## सूचना

कुनै कर्मचारी प्रशासकीयबाट प्राविधिक स्केलमा सरुवा हुन्छ भने प्रशासकीय र प्राविधिक स्केलको शुरु अंकमा कति फरक छ त्यो अंक प्राविधिकमा सरेको मितिदेखि प्रशासकीयमा छँदा पाएको तलबमा थप गरी नगिचको स्केलबाट तलब दिने गर्ने जस्तोकी गजेटेड (ग) श्रेणीको तलब प्रशासकीयतर्फ २७५। र प्राविधिक तर्फ ३५०। भएकोले फरक हुने. अंक रु ७५ प्राविधिक तर्फ सरेका मितिदेखि प्रशासकीय तर्फ छँदा पाएको तलबमा रु ७५। बढाई नजिक स्केलबाट तलब पाउने र सो पैसा बढेको नाताबाट तलब बढेको अर्को स्केल वृद्धि त्यसपछिको श्रावण सैनासै पाउने गर्ने तर यसो गर्दा आर्थिक दाईत्व बढ्नेभएकोले प्रशासकीयबाट प्राविधिक तर्फ सरुवा गर्न अर्थ मन्त्रालयको स्वीकृति लिई मं. प. को निर्णय गराई मात्र गर्न पाउने गर्नेसमेत ०२०।१०।१० मा श्री ५ को सरकारको निर्णयभएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।